# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मिति : २०७५।०३।२४

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ ५ नम्बर प्रदेश समिति सदस्य रामबिकास चौधरीलाई समाचारको विषयलाई लिएर रुपन्देहीस्थित सम्मवरीमाई गाँउपालिका अध्यक्ष जितेन्द्रनाथ शुक्लाले दुर्व्यवहार गर्दै धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

असार २२ गते समाचार संकलानार्थ गाँउपालिकाको कार्यालय पुगेका चौधरीलाई अध्यक्ष शुक्लाले सिटिजन्स पोष्ट अनलाइनमा 'सरकारी सवारी साधनमा निजी नम्बर' शीर्षकमा प्रकाशित समाचार र लिखित निवेदनमार्फत सूचना मागेको भन्दै दुर्व्यवहार गर्दै हातमा समातेर गाउँपालिकाको कार्यालयबाट बाहिर निकाली गोरखपुर पुऱ्याइदिने भनेर धम्क्याएको पीडित पत्रकार चौधरीले बताएका छन् ।

प्रकातिशत तथा प्रसारित समाचारको विषयमा चित्त नबुझे त्यसउपर अपनाउनुपर्ने कानुनी उपचारलाई छाडेर सार्वजनिक पदमा बसेका व्यक्तिबाट भएको यस्तो गैरजिम्मेवार कार्य प्रेस स्वतन्त्रताको ठाडो उल्लंघन हो । महासंघ प्रेस स्वतन्त्रताविरोधी यस्ता कार्यको कडा भर्त्सना गर्दछ । र, घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न र पत्रकारको संवैधानिक अधिकारको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org